# विषय सूची



| क.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १ | वर्तमान कार्यसमिति, सल्लाहकार समिति तथा लेखापरीक्षकको नामावली | |
| २ | अध्यक्षको कलमबाट | |
| ३ | ३२ औं साधारण सभाका कार्यक्रमहरू | |
| ४ | आर्थिक वर्ष २०७३/७४ को प्रगति प्रतिवेदन | १ |
| ५ | आर्थिक वर्ष २०७४/७५ को प्राथमिकता र कार्यनीतिहरू | १७ |
| ६ | आर्थिक वर्ष २०७३/७४ को आर्थिक प्रगति प्रतिवेदन र २०७४/७५ को प्रस्तावित बजेट | २३ |
| ७ | आर्थिक वर्ष २०७३/७४ को लेखापरीक्षण प्रतिवेदन | २४ |
| ८ | संस्थाका नियिमित र परियोजनागत कर्मचारीहरूको नामावली | ३० |
| ९ | सदस्यहरूको योगदान विवरण | ३३ |

# वर्तमान कार्यसमिति, सल्लाहकार समिति र लेखापरीक्षकको नामावली

## कार्यसमिति

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १ | अध्यक्ष | श्री खेमराज सापकोटा |
| २ | नि. अध्यक्ष | श्री वसन्तराज लम्साल |
| ३ | उपाध्यक्ष | श्री लक्ष्मी गौतम |
| ४ | सचिव | श्री कृष्णप्रसाद सापकोटा |
| ५ | कोषाध्यक्ष | श्री पार्वती कंडेल |
| ६ | सह-सचिव | श्री झलकराज पौडेल |
| ७ | सदस्य | श्री नारायण सापकोटा |
| ८ | सदस्य | श्री विश्वप्रकाश सापकोटा |
| ९ | सदस्य | श्री रेखा श्रेष्ठ |
| १० | सदस्य | श्री दिपनारायण सापकोटा |
| ११ | सदस्य | श्री शारदा विश्वकर्मा |
| १२ | सदस्य | श्री भूमिराज चापागाई |

नोट : सदस्य श्री विष्णु कंडेल सापकोटाको मिति २०७४/०३/०६ को राजीनामा स्वीकृत

## सल्लाहकार समिति

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १ | संयोजक | श्री वासुदेव न्यौपाने |
| २ | सदस्य | श्री इन्द्रराज ज्योति पौडेल |
| ३ | सदस्य | श्री तिलकप्रसाद सापकोटा |
| ४ | सदस्य | श्री ओमप्रसाद सापकोटा |
| ५ | सदस्य | श्री फुलुमाया पराजुली |

## लेखापरीक्षक

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १ | आन्तरिक लेखापरीक्षक | ओ. पि. एण्ड एसोसिएट्स |
| २ | बाह्य लेखापरीक्षक | के. बि. चित्रकार एण्ड कम्पनी |

# अध्यक्षको कलमबाट...

विजय विकास स्रोत केन्द्र ३८ वर्ष लामो आफ्नै विशिष्ट कार्यअनुभवबाट नेपाली गैरसरकारी संस्थाहरू बीच अलग छवि बनाउन सक्षम भएको छ । अनेक चुनौतीको सामना गर्दै सामुदायिक र संस्थागत विकासको आफ्नै अनुभवको जगबाट उठेर हामी आजको अवस्थामा आइपुगेका छौं । निरन्तर सिकाइका क्रममा आन्तरिक तथा बाह्य परिस्थिति अनुकुल हुँदै अझै अगाडिको यात्रा तय गर्नुछ। लामो राजनैतिक अस्थीरताको प्रभाव देशको सामाजिक तथा आर्थिक विकासमा परिरहेको छ । गैर सरकारी संस्थाहरू आफै पनि राज्यका सहयोगीहरू हुन् तसर्थ रूपान्तरणको प्रकृयामा राज्य संरचनामा परिवर्तन आउँदै गर्दा हामीलाई पनि यसको असर नपर्ने कुरै हुँदैन । यसै बीच विगतमा हामीले आफूलाई आन्तरिक रूपमा सक्षम बनाउन आवश्यक नीति निर्माण, परिवर्तन र संरचनात्मक परिवर्तन गर्दै नयाँ नयाँ कार्यक्रम सञ्चालन गर्ने नयाँ पञ्च वर्षीय कार्यनीतिक योजना (२०७४-२०७८) तयार गर्ने, संस्थाद्वारा प्रवर्द्धित संस्थाहरूको विकासमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गर्ने जस्ता कार्यहरू गर्दै अगाडि बढिरहेका छौं ।

संस्थाद्वारा प्रवर्द्धित विकू बचत तथा ऋण सहकारी संस्था लि., विजय सामुदायिक शिक्षा सहकारी संस्था लि., विजय सूचना तथा संचार सहकारी संस्था लि., विजय लघुवित्त वित्तीय संस्था लि. र विजय कन्सल्टिङ्ग प्रा.लि.ले समुदाय र राष्ट्रिय स्तरमा नै आफ्नो छवि बनाउन सफल भएका छन् भने विजय फाउण्डेसनले आफ्नो कार्य अगाडि बढाइरहेको छ। विजय परिवारको अवधारणा अनुरूप यी संस्थाहरूको सञ्जाललाई शसक्त बनाई आपसी सहकार्यमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएकोमा आगामी दिनमा अझ बढी सकृय बनाइनेछ ।

नयाँ कार्यनीतिक योजना तयारीसँगै आगामी दिनमा हामी सुशासन, बालमैत्री स्थानीय शासन, वकालत अभियान र पैरवी, बालबालिका युवा तथा महिला सहभागिता, जीविकोपार्जन र स्थानीय स्तरमा रोजगारीका अवसरको सिर्जना जस्ता कार्यगत क्षेत्रमा प्राथमिकताका साथ काम गर्नेछौ भने आन्तरिक स्रोत वृद्धिका लागि चेतना सदनको व्यवस्थापनलाई चुस्त बनाउने, दक्ष जनशक्तिको उपयोग, स्वयंसेवक परिचालन तथा सदस्यहरूको योगदानमा वृद्धि ल्याउने कार्यहरू सञ्चालन गरिनेछ । आगामी दिनमा मानवीय तथा सामाजिक पूँजी विकास, स्थानीय समुदायको क्षमता अभिवृद्धि गर्दै गरिबीमुक्त समाज निर्माणमा हामीजस्ता संस्थाको योगदान महत्वपूर्ण हुनेछ। यसका लागि आफ्नो आन्तरिक सुदृढीकरण र प्रभावकारीता वृद्धि तथा बाह्य साझेदारीमा कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

आगामी दिनहरूमा संस्थाको उद्देश्य अनुसार कार्य गर्न नेपाल सरकार (स्थानीय तह, प्रादेशिक तह र केन्द्रीय तहमा) र विभिन्न विकास साझेदारहरूसँग सहकार्य गर्ने हाम्रो नीति रहनेछ। संस्थामा जनशक्ति विकास, संरचनात्मक मज्बुतीकरण, प्रविधिको प्रयोग, नीतिगत व्यवस्था र स्वयं सेवक तथा सदस्यहरूको परिचालनका माध्यमबाट हामी अझै सुदृढ भै अगाडि बढ्ने छौं ।

अन्त्यमा संस्थाको निरन्तर विकासमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने सबै सरकारी निकायहरू, यस संस्थाका शुभचिन्तकहरू, संस्थाका सदस्यहरू, सल्लाहकारहरू, कर्मचारीहरू, विजय परीवारका सदस्य संस्था र ती संस्थाका सदस्य पदाधिकारी एवम् कर्मचारीहरू र विभिन्न उपसमितिमा रही सहयोग पुऱ्याउनु हुने सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु। धन्यवाद ।

**खेमराज सापकोटा**
अध्यक्ष
२१ आश्विन, २०७४

# विजय विकास स्रोत केन्द्र

गैँडाकोट-८, नवलपरासी

२१ आश्विन, २०७४

## ३२ औं साधारण सभाका कार्यक्रमहरू

१. उपस्थिति तथा नाम दर्ता
२. कार्यक्रम समुद्घाटन
३. आर्थिक वर्ष २०७३/७४ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत, छलफल तथा पारित
४. आर्थिक वर्ष २०७३/७४ को वार्षिक आर्थिक प्रतिवेदन प्रस्तुत, छलफल तथा पारित
५. आर्थिक वर्ष २०७४/७५ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत, छलफल तथा पारित
६. आर्थिक वर्ष २०७४/७५ को वार्षिक बजेट प्रस्तुत, छलफल तथा पारित
७. लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण
८. विधान संशोधन सम्बन्धमा
९. विविध
१०. निर्णय पुस्तिका प्रमाणित गर्नका लागि प्रतिनिधि चयन
११. मन्तव्य तथा पुरस्कार वितरण
१२. मन्तव्य र धन्यवाद सहित साधारण सभा समापन तथा अधिवेशन शुभारम्भ घोषणा
१३. अधिवेशन कार्यक्रम

# आर्थिक वर्ष २०७३/७४ को प्रगति प्रतिवेदन

**- कृष्णप्रसाद सापकोटा**
सचिव

विजय विकास श्रोत केन्द्रको गरिमामय ३२औं साधारण सभाका अध्यक्षज्यू, भूपू अध्यक्षज्यूहरू, उत्प्रेरक ब्यक्तित्व, श्रद्देय सदस्यज्यूहरू, आजीवन सदस्यज्यूहरू, साधारण सदस्यज्यूहरू, वर्तमान कार्यसमितिका पदाधिकारी तथा सदस्यज्यूहरू एवम् सम्पूर्ण कर्मचारी मित्रहरू,

संस्थागत विकास, व्यावसायिक दक्षता अभिवृद्धि र नयाँ बिषयगत तथा भौगोलिक कार्यक्षेत्र विस्तारका ज्ञान, अनुभव र सिकाईहरूको व्यवस्थापन गर्दै विजय विकास श्रोत केन्द्र ३८औं वर्षमा प्रवेश गरेको छ। आजका दिनसम्म आइपुग्दा संस्थाले संस्थागत विकास, समूदायको सामाजिक-आर्थिक रूपान्तरण, स्थानीय श्रोत पहिचान र परिचालन र क्षमता अभिवृद्धिका विभिन्न आयामहरूमा परिपक्व अभ्यास गर्दै आएको छ र आगामी बर्षहरूमा यसको सञ्चालनलाई अझ परिस्कृत र सुदृढ बनाउँदै जानुपर्ने आवश्यकता छ।

आन्तरिक श्रोत परिचालनलाई विशेष ध्यान दिई संस्थाको अगाडि आएका अन्य अवसरहरूलाई पनि सदुपयोग गर्दै दिगो र समुन्नत विकासको यात्रा तय गर्नु अबको प्राथमिकता हुनेछ जसका लागि क्षेत्रगत रणनीति र प्राथमिकतासहितको दीर्घकालीन रणनीतिक योजना तयार भै कार्यान्वयनको चरणमा रहेको छ।

मुख्यगरी गत वर्ष संस्थाले परियोजना व्यवस्थापन र सञ्चालन, संस्थागत नीतिहरूको संशोधन र नयाँ नीति-निर्माण, मानव संशाधन व्यवस्थापन, रणनीतिक योजना तर्जुमा, आन्तरिक सुधार, सार्वजनिक नीति छलफल र सम्पर्क समन्वय विस्तारका कामहरूमा नै आफ्ना प्रयासहरू अगाडि बढाएको छ, जसको कार्य प्रगतिको बारेमा तल विस्तृत रूपमा प्रस्तुत गरिएको छ। गत साधारण सभाको कार्यादेश अनुसार संस्थाले वर्षभरी सम्पादन गरेका गतिविधिहरूलाई समेटेर तयार पारेको प्रगति प्रतिवेदन आजको साधारण सभामा सम्प्रेषण गर्न पाउँदा समग्र कार्यसमिति र टिमको तर्फबाट प्रसन्नता व्यक्त गर्न चाहन्छु। यो घडीमा संस्थालाई आजको अवस्थामा ल्याई पुऱ्याउन महत्वपूर्ण योगदान दिनुहुने संस्थापक सदस्यहरू, प्रेरणादायी व्यक्तित्वहरू, भूतपूर्व अध्यक्ष तथा कार्यसमिति, सदस्यहरू, सहयोगी संघसंस्थाहरू, साझेदार संस्थाहरू, विजय परिवारका सदस्य संस्थाहरू र कर्मचारी साथीहरूलाई कदर गर्दछु।

गत वर्ष २०७३।०६।२९ देखि २०७४।०६।२० सम्म संस्थाले सञ्चालन गरेका विभिन्न गतिविधि तथा कार्यक्रमहरू यसप्रकार रहेका छन्।

**आ.व. २०७३/७४ मा प्रस्तावित कार्यक्रमको कार्यान्वयन प्रगति**

| क्र.सं. | प्रस्तावित कार्यक्रमहरू | कार्यान्वयन प्रगति | | | कैफियत |
|---|---|---|---|---|---|
| | | पूर्ण | आंशिक | नभएको | |
| **क. नियमित कार्यक्रम/क्रियाकलापहरू** | | | | | |
| १ | कार्यसमितिको बैठक कम्तीमा १० वटा गर्ने। | ✓ | | | |
| २ | कर्मचारी र कार्यसमितिबीच १ वटा अन्तर्क्रिया तथा समीक्षा बैठक गर्ने। | | | ✓ | |
| ३ | साधारणसभा एवं वार्षिकोत्सवका कार्यक्रमहरू सञ्चालन गर्ने। | ✓ | | | |
| ४ | वर्षका उत्कृष्ट कर्मचारी १ जना, उत्कृष्ट सदस्य १ जना र कार्यसमितिबाट विशेष योगदान पुऱ्याउने १ जना गरी जम्मा ३ जनालाई पुरस्कृत गर्ने। | ✓ | | | |

| क्र. सं. | प्रस्तावित कार्यक्रमहरू | कार्यान्वयन प्रगति | | | कैफियत |
|---|---|---|---|---|---|
| | | पूर्ण | आंशिक | नभएको | |
| ५ | कार्यसमिति र सल्लाहकार समितिको संयुक्त बैठक कम्तीमा दुई पटक बस्ने । | | ✓ | | संयुक्त बैठक १ पटक बसेको |
| ६ | सदस्यहरूबाट आवश्यक सुझाव सल्लाह एवं प्रतिक्रिया लिने उद्देश्यले दुई पटक अन्तर्क्रिया गर्ने । | | ✓ | | अन्तर्क्रिया १ पटक भएको |
| ७ | कम्तीमा चार पटक विजय परिवारसँग बैठकको आयोजना गरी संस्थागत विकासका रणनीतिहरू तयार गर्ने । | ✓ | | | |
| ८ | सामाजिक लेखापरीक्षण गर्ने । | | | ✓ | |
| **ख. विशेष कार्यक्रम** | | | | | |
| १ | कार्यसमिति, सदस्य तथा कर्मचारीको क्षमता अभिबृद्धि गर्न तालिम, अवलोकन भ्रमण आयोजना गर्ने | | ✓ | | अवलोकन भ्रमण आयोजना भएको |
| २ | स्रोत व्यक्तिहरूलाई सूचीकृत गर्ने र आवश्यकता अनुसार परिचालन गर्ने । | ✓ | | | |
| ३ | कर्मचारीहरूलाई स्वेच्छिक अवकासको अवसर प्रदान गर्ने । | ✓ | | | |
| ४ | संस्थाद्वारा प्रवर्द्धन गरिएका संस्थाहरूमा आवश्यकता र क्षमता अनुसार थप शेयर लगानी गर्ने । | ✓ | | | |
| ५ | विजय परिवार (Vijaya Group of Institutions) का कार्यक्रमहरूलाई निरन्तरता दिदै आपसी समन्वयद्वारा बढी प्रतिफल प्राप्त गर्ने र सम्बन्ध बलियो पार्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने । | | ✓ | | वनभोज आयोजना भएको |
| ६ | Vijaya Foundation को अवधारणालाई संस्थागतरूप दिने प्राविधिक तथा प्रशासनिक सहयोग उपलब्ध गराउने । | | ✓ | | पत्रकार सम्मेलन आयोजना भएको |
| **ग. आयआर्जन तथा स्रोत विकास कार्यक्रम** | | | | | |
| १ | चेतना सदनलाई सुविधा सम्पन्न बनाई तालिमको आयोजन र व्यवस्थापन गर्ने । | | | | |
| | • तालिम केन्द्रको बजारीकरण, व्यवसायिक योजना निर्माण र कार्यान्वयनमा जोड दिने | | ✓ | | व्यवसायिक योजनामा छलफल भएको |
| | • भवन मर्मत कार्यलाई जोड दिने | | ✓ | | भवन निर्माण उप-समिति कार्यरत भएको |
| | • डाइनिङ र किचनका सामाग्रीहरू तथा फर्निचर परिवर्तन गर्ने तथा थप गर्ने | | ✓ | | डाइनिङका सामाग्रीहरू थप भएको |
| | • सुविधा सम्पन्न आवसीय कोठाहरूको निर्माण गर्ने | | | ✓ | |
| | • कर्मचारीलाई अतिथि सत्कार सम्बन्धी तालिम प्रदान गर्ने | ✓ | | | |
| २ | बाह्य क्षेत्रमा तालिम, परामर्श सेवा, अनुगमन जस्ता कार्यक्रममा संस्थाको मानवीय स्रोत परिचालन गर्ने | ✓ | | | |
| ३ | संस्थाको प्रवर्द्धन र बजारीकरणको लागि विभिन्न विद्युतीय प्रविधिको प्रयोग गर्ने, मिडियाको प्रयोग गर्ने, प्रकाशनलाई जोड दिने, सफलताका अभ्यासहरूलाई प्रकाशन गर्ने, वेवसाइट अपडेट गर्ने | ✓ | | | |

| क्र. सं. | प्रस्तावित कार्यक्रमहरू | कार्यान्वयन प्रगति | | | कैफियत |
|---|---|---|---|---|---|
| | | पूर्ण | आंशिक | नभएको | |
| ४ | अन्य संस्थासँग सहकार्य गरी विभिन्न गोष्ठी, सेमिनार तथा तालिम सञ्चालन गर्ने | | | ✓ | |
| ५ | वृक्षारोपण क्षेत्रवाट सम्भावित आयआर्जनको स्रोत विकास गर्ने | | | ✓ | |
| ६ | आन्तरिक तथा परियोजनागत कार्यक्रमहरूको अनुगमन र मूल्यांकन प्रणालीलाई व्यवस्थित गर्ने | | ✓ | | अनुगमन तथा मूल्यांकन अधिकृत नियुक्त गरिएको |
| **घ. प्रवर्द्धनात्मक र कल्याणकारी कार्यक्रम** | | | | | |
| १ | पुस्तकालयको व्यवस्थित एवं अद्यावधिक गर्दै लैजाने र ई-लाईब्रेरी स्थापनाका लागि पहल गर्ने । | | | ✓ | |
| २ | संस्थाले गरेका विभिन्न कार्यक्रम तथा अनुभवहरूको दस्तावेजीकरण गर्ने | | | | |
| | • भए गरेका सफलताका उत्प्रेरक विषयहरूलाई सामुदायिक रेडियोबाट प्रचार -प्रसार गर्दै जाने | ✓ | | | |
| | • विगत र वर्तमानमा गरेका कामलाई समेटी डकुमेन्ट्री तयार गर्ने | | | ✓ | |
| | • विजयध्वनि त्रैमासिक रूपमा प्रकाशित गर्ने | | ✓ | | विजयध्वनि एक अंक प्रकाशित भएको |
| | • वार्षिक प्रतिवेदन प्रकाशित गर्ने | ✓ | | | |
| | • संस्थाको प्रोफाइल नेपाली तथा अंग्रेजी भाषामा प्रकाशित गर्ने | | | ✓ | |
| | • अभिलेख व्यवस्थापन, वर्गीकरण र संरक्षणमा ध्यान दिने | | | ✓ | |
| ३ | सामुदायिक संस्था, सहकारी, स्थानीय गैसस र समूहहरूको प्रवर्द्धन तथा क्षमता अभिबृद्धिका लागि सहयोग पुऱ्याउने । | ✓ | | | |
| ४ | विजय कन्सल्टिङ्ग कम्पनीको सञ्चालनका लागि सहयोग र सहकार्य गर्ने । | ✓ | | | |
| ५ | संस्थाद्वारा स्थापित प्राकृतिक प्रकोप राहतकोषवाट बाढीपीडित, पहिरो पीडित, भूकम्प पीडित, आगलागी, माहामारी आदिक्षेत्रमा संस्थाको तर्फबाट सक्दो सहयोग उपलब्ध गराउने । | ✓ | | | |
| ६ | सामुदायिक स्वास्थ्य कार्यक्रम अन्तर्गत एम्बुलेन्स सेवालाई निरन्तरता दिने । | ✓ | | | |
| ७ | विशेष अवस्था सिर्जना भएको महसुस भएमा रक्तदान, स्वास्थ्य शिविर जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने । | | | ✓ | |
| ८ | विजय परिवारको तर्फबाट आयोजना हुने देउसी भैलो कार्यक्रममा आवश्यक भूमिका निर्वाह गर्ने । | | | ✓ | |
| ९ | खेलकुद कार्यक्रम, हाजिरीजवाफ, वक्तृत्वकला प्रतियोगिताको आयोजना गर्ने, आयोजना गर्ने संघ संस्थालाई सहयोग गर्ने र भाग लिने, स्वयंसेवक एवं सदस्यहरू परिचालन गर्ने । | | ✓ | | खेलकुद कार्यक्रममा भाग लिएको |
| १० | युवा समुह, युवा क्लवहरूका कार्यक्रमहरूलाई सहयोग गर्ने । | | | ✓ | |

| क्र. सं. | प्रस्तावित कार्यक्रमहरू | कार्यान्वयन प्रगति | | | कैफियत |
|---|---|---|---|---|---|
| | | पूर्ण | आंशिक | नभएको | |
| ११ | संस्थाको पश्चिम तर्फको बाटो निर्माणमा सहयोग गर्ने | | | ✓ | |
| **ङ. साझेदारी नीति तथा कार्यक्रमः** | | | | | |
| १ | मानव अधिकारमुखी विकास र सामाजिक उत्तर दयित्वका क्षेत्रमा काम गर्ने, सामाजिक न्याय र मानव अधिकारमुखी विकासलाई हरेक क्षेत्रमा समाहित गर्दै लैजाने । | ✓ | | | |
| २ | नेपाल सरकार र विभिन्न निकायसँग नयाँ सम्झौताहरू गरी साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने । | ✓ | | | |
| ३ | उद्देश्य, भावना र सिद्धान्त मिल्ने अन्य संस्थाहरूसंगको सहभागितामा (Consortium Model) काम गर्ने । | ✓ | | | |
| ४ | नवलपरासी जिल्लाका विद्यालयहरूमा साक्षरता कार्यक्रमलाई निरन्तरता दिने । | ✓ | | | |
| ५ | जि.वि.स. नवलपरासी र बर्दघाट नगरपालिकासँगको साझेदारीमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम लाई निरन्तरता दिने । | ✓ | | | |
| ६ | युनिसेफसँगको सहकार्यमा बालमैत्री स्थानीय शासन कार्यक्रमको क्षमता विकास कार्यक्रमलाई निरनतरता दिने । | ✓ | | | |
| ७ | हेलेन केलर संगको साझेदारीमा सुआहारा कार्यक्रम सञ्चालन गर्ने । | ✓ | | | |
| ८ | Equal Access International सँग महिला हिंसा न्यूनीकरण सम्वन्धी परियोजनालाई निरन्तरता दिने । | ✓ | | | |
| ९ | गरीवी निवारण कोष संगको कार्यक्रमलाई निरन्तरता दिने । | ✓ | | | |
| १० | संस्थाले तय गरेको क्षेत्रगत तथा अन्तर क्षेत्रगत विषयसंग सम्बन्धित कार्यक्रम परियोजना तर्जुमा गर्ने, कार्यान्वयनका नयां अवसरहरूको पहिचान गर्ने । | | ✓ | | |

**संस्थागत उपलब्धि**

गत आ.व. मा प्रस्तावित विविध कार्यक्रमहरूको कार्यान्वयन प्रगति समग्रमा सन्तोषजनक रह्यो । कूल ५० वटा प्रस्तावित कार्यक्रमहरू मध्ये २५ वटा (५०%) पूर्ण तथा १२ वटा (२४%) आंशिक रूपमा कार्यान्वयन भए ।

| प्रस्तावित कार्यक्रम | कार्यान्वयन प्रगति | | | जम्मा |
|---|---|---|---|---|
| | पूर्ण | आंशिक | नभएको | |
| नियमित कार्यक्रम | ४ | २ | २ | ८ |
| विशेष कार्यक्रम | ३ | ३ | - | ६ |
| आयआर्जन/स्रोत विकास कार्यक्रम | ३ | ४ | ३ | १० |
| प्रवर्द्धनात्मक/कल्याणकारी कार्यक्रम | ६ | २ | ८ | १६ |
| साझेदारी नीति/कार्यक्रम | ९ | १ | - | १० |
| **जम्मा** | **२५** | **१२** | **१३** | **५०** |
| **प्रतिशत** | **५०** | **२४** | **२६** | **१००** |

**क) नियमित कार्यक्रम/क्रियाकलापहरू**

कार्यसमिति बैठक सञ्चालन गर्ने, साधारण सभा एवं वार्षिकोत्सव कार्यक्रमहरू सञ्चालन गर्ने, उत्कृष्ट कर्मचारी तथा सदस्यहरूलाई पुरस्कृत गर्ने र विजय परिवारसँग बैठक आयोजना गर्ने कार्यक्रमहरू पूर्ण रूपमा कार्यान्वयन भए । आंशिक रूपमा कार्यान्वयन भएका कार्यक्रमहरूमा कार्यसमिति र सल्लाहकार समितिको संयुक्त बैठक बस्ने (२ मा १) र सदस्यहरूसँग अन्तरक्रिया गर्ने (२ मा १) रहेका छन् । तर कर्मचारी र कार्यसमिति बीच समीक्षा बैठक गर्ने र सामाजिक लेखा परीक्षण गर्ने कार्यक्रम भने हुन सकेन ।

**ख) विशेष कार्यक्रम**

स्रोत व्यक्तिहरू सूचिकृत गरी परिचालन गर्ने, कर्मचारीलाई स्वेच्छिक अवकासको अवसर दिने र प्रवर्द्धित संस्थाहरूमा शेयर लगानी गर्ने कार्यक्रम पूर्ण रूपमा कार्यान्वयन भए । तर कार्यसमिति सदस्य तथा कर्मचारीको क्षमता अभिवृद्धि, विजय परिवारका कार्यक्रमहरू सञ्चालन गर्ने र विजय फाउण्डेशन-नेपाललाई प्राविधिक तथा प्रशासनिक सहयोग उपलब्ध गराउनेतर्फ आंशिक प्रगति भयो ।

**ग) आयआर्जन तथा स्रोत विकास कार्यक्रम**

यस अन्तर्गत चेतना सदन तर्फका कर्मचारीहरूलाई अतिथि सत्कार सम्बन्धि तालिम, बाह्य क्षेत्रमा संस्थाको मानवीय स्रोत परिचालन गर्ने तथा संस्थाको प्रवर्द्धन तथा बजारीकरणमा विद्युतीय प्रविधि र मिडियाको प्रयोग पूर्ण रूपमा कार्यान्वयन भयो । तर चेतना सदनतर्फको बजारीकरण, भवन मर्मत, फर्निचर/सामाग्री परिवर्तन गर्ने र अनुगमन तथा मूल्यांकन प्रणालीलाई व्यवस्थित गर्ने तर्फ आंशिक प्रगति भयो । यसरी नै चेतना सदनतर्फ आवासिय कोठाहरू निर्माण गर्ने, अन्य संस्थासँग सहकार्य गर्ने र वृक्षारोपण क्षेत्रबाट आयआर्जनको स्रोत विकास गर्ने कार्यक्रमहरू सुरु हुन सकेनन् ।

**घ) प्रवर्द्धनात्मक र कल्याणकारी कार्यक्रम**

यस अन्तर्गत केही कार्यक्रमहरू मात्र पूर्ण वा आंशिक रूपमा कार्यान्वयन भए भने धेरै सम्पन्न भएनन् । सफलताका विषयहरूमा सामुदायिक रेडियोबाट प्रचार-प्रसार गर्ने, वार्षिक प्रतिवेदन प्रकाशित गर्ने, संस्था, समूहहरूको प्रवर्द्धनका लागि सहयोग पुऱ्याउने, विजय कन्सल्टिङ्ग सञ्चालनका लागि सहयोग र राहतकोष परिचालन गर्ने काम पूर्ण रूपमा भयो । यसरी नै विजय ध्वनी त्रैमासिक प्रकाशन तथा खेलकुद कार्यक्रममा सहभागी हुने कार्यक्रम आंशिक रूपमा कार्यान्वयन भए । गत आ.व.मा कार्यान्वयन हुन नसकेका कार्यक्रमहरूमा अनुभवहरूको दस्तावेजीकरण (डकुमेन्ट्री तयार गर्ने, संस्थाको प्रोफाइल प्रकाशित गर्ने, अभिलेख व्यवस्थापन गर्ने), ई-लाइब्रेरी स्थापना, स्वास्थ्य शिविर सञ्चालन, युवा क्लबहरूलाई सहयोग गर्ने, बाटो निर्माणमा सहयोग गर्ने लगायतका छन् ।

**ङ) साझेदारी नीति तथा कार्यक्रम**

गत आ.व.मा ६ वटा साझेदारी कार्यक्रमहरू तथा ती कार्यक्रमहरू सञ्चालनका लागि संस्थाले लिएका नीतिहरूको सफल कार्यान्वयन भएको छ । पूर्ण कार्यान्वयन भएका साझेदारी कार्यक्रमहरूको नामावली निम्नानुसार छ :

- विद्यालय साक्षरता/पुस्तकालय कार्यक्रम
- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
- बालमैत्री स्थानीय शासन क्षमता अभिवृद्धि कार्यक्रम
- सुआहारा-II (पोषण) कार्यक्रम
- महिला हिंसा न्यूनीकरण कार्यक्रम (परिवर्तन घरैबाट)
- गरिबी निवारणका लागि एकिकृत विकास कार्यक्रम

उपरोक्त कार्यक्रमहरू संस्थाले लिएको निम्नलिखित नीतिहरू अन्तर्गत सञ्चालित रहेका छन् :

- मानव अधिकारमुखी विकास र सामाजिक उत्तरदायित्वका क्षेत्रमा काम गर्ने
- नेपाल सरकार र विभिन्न निकायसँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने
- उद्देश्य, भावना र सिद्धान्त मिल्ने संस्थासँग कन्सोर्टियम मोडेलमा काम गर्ने

**विशेष उपलब्धि**

उपरोक्त कार्यक्रमहरू कार्यान्वयनको सन्दर्भमा गत वर्ष हासिल भएका विशेष उपलब्धिहरू निम्नानुसार रहेका छन् :

- संस्थागत सुशासन लक्षित नीति नियमहरू समय सान्दर्भिक रूपमा परिमार्जन
- नीति निर्माण लक्षित अन्तर्क्रिया कार्यक्रम - संघीयतामा सम्वृद्धिका साझेदारः स्थानीय सरकार र नागरिक समाज
- नयाँ सामाजिक कदम - विजय फाउण्डेशन-नेपालको सुरुवात
- नयाँ पाँच वर्षे रणनीतिक योजना (२०१७-२१) तर्जुमा

**आर्थिक उपलब्धि**

गत आ.व.को लागि नौ करोड पच्चिस लाखको बजेट स्वीकृत भएकोमा कार्यसमितिले परिमार्जन गरी लगभग नौ करोड पैंसट्ठी लाख कायम गरेको थियो । स्वीकृत बजेटमा केही बढोत्तरी, साझेदारी कार्यक्रम (मुख्यतः सुआहारा-II र पुस्तकालय कार्यक्रम) मा भएको वृद्धिका कारण भएको थियो । वर्षान्तमा नौ करोड एकचालिस लाख (परिमार्जित बजेटको ९७%) लक्ष्य हासिल भएको देखिएको छ ।

| शीर्षक | आ.व.२०७३/७४ को बजेट कार्यान्वयन | | | उपलब्धि % |
|---|---|---|---|---|
| | स्वीकृत | परिमार्जित | वास्तविक | |
| आन्तरिक कार्यक्रम | १,४८,६८,५७५ | १,०७,१९,९७६ | १,१३,६७,०७८ | १०६ |
| साझेदारी कार्यक्रम | ७,७६,४०,००० | ८,५८,६३,९०५ | ८,२७,९९,६९० | ९६ |
| **जम्मा** | **९,२५,०८,५७५** | **९,६५,८३,८८१** | **९,४१,६६,७६८** | **९७** |

## आ.व.२०७३/७४ मा कार्यसमितिले गरेका निर्णयहरूको कार्यान्वयनको स्थिति

- समिति/उप-समितिहरूको गठन :- गत आ.व.मा कार्यसमितिको निर्णय अनुसार गठन भएका सल्लाहकार समिति, सुआहारा परियोजना निर्देशक समिति, विजय विकास स्रोत केन्द्र अक्षय कोष (विजय फाउण्डेशन-नेपाल) सञ्चालन उप-समिति तथा भवन निर्माण उप-समितिबाट आवश्यक जिम्मेवारी बहन हुँदै आएको छ ।
- मानव संशाधन व्यवस्थापन :- यस अन्तर्गत नयाँ कार्यकारी निर्देशक नियुक्ति, अनुगमन तथा मूल्यांकन अधिकृत पद स्थापना तथा नियुक्ति, तलवमान परिवर्तन तथा दुईजना कर्मचारीको स्वेच्छिक अवकाश सम्पन्न भएको छ । यसै गरी नयाँ कार्यालय सहयोगीको नियुक्ती भएको छ भने कार्यक्रम अधिकृत र तालिम व्यवस्थापक पदहरू पूर्ती गर्ने क्रममा छन् ।
- नीति नियमावली संशोधन :- आर्थिक तथा प्रशासनिक नियमावली संशोधन उप-समितिद्वारा मस्यौदा भई आए अनुसार प्रशासनिक तथा आर्थिक नियमावली २०६१ (पाँचौ संशोधन-२०७३) तथा मानवीय स्रोत विकास तथा व्यवस्थापन नीति २०५६ (आठौं संशोधन-२०७३) लागु गरिएको छ । यी नीति नियमावलीमा संस्थाले सञ्चालन गरेका साझेदारी कार्यक्रमहरूका आवश्यकता अनुसार पनि केही परिमार्जन तथा थप गरिएका छन् । जसमध्ये कार्यसमिति पदाधिकारी तथा सदस्यहरूको संलग्नता सम्बन्धि व्यवस्था (प्रशासनिक तथा आर्थिक नियमावली, परिच्छेद-४) तथा परामर्शदाता/स्रोत व्यक्ति स्तर निर्धारणका आधारहरू प्रमुख छन् ।
- बैंक खाता तथा नगद व्यवस्थापन :- केन्द्रीय कार्यालयमा प्रमुख पदहरूमा हेरफेर भए अनुसार बैंक खाता सञ्चालकहरूमा पनि परिवर्तन गरिएको छ । साथै पुराना, प्रचलनमा नरहेका परियोजनागत खाताहरू बन्द गरिएका छन् । विविध कार्यक्रम सञ्चालनका लागि विकू बचतबाट पच्चिस लाख सम्मको ऋण व्यवस्था भए अनुसार हाल दश लाखको हाराहारीमा ऋण उपयोग गरिएको छ ।
- २०७३/७४ कार्य योजना :- गत वर्षको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट प्रभावकारी रूपमा कार्यान्वयन गर्न कार्य योजना बनाई लागु गरिएको छ । जस अनुसार त्रैमासिक रूपमा कार्यक्रम तथा बजेटको समीक्षा भएको छ । लामो समयदेखि बक्यौता रहेका रकमलाई केलाई आवश्यकता अनुसार अपलेखन तथा फछ्र्यौट (जम्मा ९ व्यक्ति/संस्था खाताको रु.९१,७८७४५) गरिएको छ । यसरी नै २०७३ चैत्र मसान्त सम्मको आम्दानी खर्चको वास्तविक स्थितिका आधारमा कार्यक्रम समीक्षा गरी संशोधित अनुमानित बजेट रु.९,६५,८३,८८१ (स्वीकृत रु.९,२५,०८,५७५) कायम गरिएको छ ।

- चेतना सदन सञ्चालन :- चेतना सदनलाई व्यवस्थित गर्न सञ्चालन मार्गदर्शन तथा व्यावसायिक योजना तयार गर्ने निर्णय भए अनुसार न्यूनतम कार्यक्रमहरू अघि बढाइएका छन् । गत आ.व. देखि ५% सेवा शुल्क ग्राहकहरूबाट उठाई ६/६ महिनामा कर्मचारीहरूमा प्रोत्साहन स्वरूप बाँड्ने गरिएको छ ।
- रणनीतिक योजना :- संस्थाको पाँच वर्षे रणनीतिक योजना (२०१७-२१) लगभग एक वर्षको समय अन्तरालमा विभिन्न सहभागितामूलक प्रकृया अपनाई तयार गरिएको छ । यो योजनाले संस्थाको चालु आ.व. देखिको कार्यक्रम तथा बजेटलाई निर्देशित गर्नेछ ।
- एम्बुलेन्स सञ्चालन :- विभिन्न कठिनाईका कारण सेवा बन्द गर्ने प्रकृयामा रहेको एम्बुलेन्सलाई “मातृभूमि” नामक सामाजिक संस्थालाई उसैको सम्पूर्ण खर्चमा सञ्चालन गर्ने जिम्मेवारी दिइएको छ ।

## साझेदारी कार्यक्रमतर्फको प्रगति विवरण

गत वर्ष विजय विकास स्रोत केन्द्रले सञ्चालन गरेका साझेदारी कार्यक्रमहरूको प्रगति निम्नानुसार रहेको छ :

### १. साक्षरता कार्यक्रम (Literacy/Library)

**साझेदार संस्था** : रुम टु रिड

**सम्झौता अवधि** : जनवरी देखि जुलाई २०१७ (पौष २०७३ देखि असार २०७४)

**कार्यक्षेत्र** : नवलपरासी जिल्ला अन्तर्गतका ५५ वटा सामुदायिक विद्यालयहरू

**लक्षित वर्ग** : विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी र तिनका अभिभावकहरू

**कार्यक्रमको उद्देश्य** : बालबालिकाहरूको पठन स्तर र पठन सीपको विकास गरी उनीहरूलाई स्वतन्त्र पाठकको रूपमा विकास गराउने, कक्षाकोठा व्यवस्थापनमा सहयोग गर्दै बालबालिकाहरूलाई बालमैत्री बसाई व्यवस्थापनलाई सहज बनाउने, शिक्षकहरूको पेशागत क्षमता विकासको अभिवृद्धि गर्ने ।

**क्रियाकलाप/उपलब्धि :** सन् २००७ देखि सुरु भएको यो कार्यक्रम २०१७ जुलाईमा सफलतापूर्वक सम्पन्न भएको छ । यस अवधिमा कार्यक्रमले कूल ३४४ विद्यालयमा पुस्तकालय स्थापना गर्ने, सम्बन्धित शिक्षकहरूलाई तालिम दिने तथा पुस्तकालयहरू विद्यालयलाई हस्तान्तरण गर्ने काम सम्पन्न भएको छ ।

गत आ.व. मा कार्यक्रमले ४० वटा विद्यालयमा पुस्तकालय स्थापना गरी अघिल्लो चरणको १५ वटा सहित जम्मा ५५ वटा पुस्तकालय विद्यालयलाई हस्तान्तरण गरेको थियो । साथै ४० वटा विद्यालयका ८० जना शिक्षकलाई पुस्तकालय व्यवस्थापन तथा पढाई क्रियाकलाप सम्बन्धि तालिम प्रदान गरिएको थियो । स्थापना भएका पुस्तकालयहरूको दिगो व्यवस्थापनका लागि यस अवधिमा केही असल अभ्यासहरू सुरु भएका छन् । अधिकांश विद्यालयले एक घर एक पुस्तक, जन्म दिनमा उपहार, नयाँ सामग्री खरिद गर्दा ५% पुस्तकालयलाई छुट्याउने गरेको र केही विद्यालयले पुस्तकालयको साधारण तथा आजीवन सदस्यता वितरण गर्ने र अक्षयकोष स्थापना गरेको पाइएको छ ।

### २. गरिबी निवारणका लागि एकीकृत विकास परियोजना (IDPPA)

**साझेदार संस्था** : गरिबी निवारण कोष

**सम्झौता अवधि** : श्रावण २०७३ देखि आषाढ २०७४ सम्म

**कार्यक्षेत्र** : नवलपरासी जिल्लाका हुप्सेकोट, राकाचुली, रकुवा, रुचाङ्ग, नरम, धुरकोंट, मैनाघाट र कोल्हुवा गाविसहरू

**लक्षित वर्ग** : गरिब, महिला, दलित, जनजाति र पिछडिएका वर्ग

**कार्यक्रमको उद्देश्य** : आयआर्जनको दिगो माध्यमबाट विपन्नहरूलाई गरिबीको स्तरबाट माथि उठाउने, गरिब, महिला, दलित, जनजाति र पिछडिएको वर्गको सशक्तीकरण गर्ने र नेपाल सरकारको दीर्घकालीन लक्ष्य अनुरूप गरिबी घटाउन सहयोग गर्ने ।

**क्रियाकलाप/उपलब्धि :** २०७२ बैशाखदेखि सुरु भएको यो कार्यक्रमले गत वर्षसम्म ३० वटा सामुदायिक संस्थाहरू गठन गरी २७ वटा संस्थालाई गरिबी निवारण कोषसँग सम्झौता गराएको छ । आयआर्जन तथा भौतिक पूर्वाधारका

परियोजनाहरूको कुल सम्झौता रकम रु.१,३१,४८,५८९ र लाभान्वित घरधुरी संख्या १,७१३ रहेको छ । यस अवधिमा सामुदायिक संस्थाका सदस्यहरूलाई दुई प्रकारका तालिम प्रदान गरिएको थियो । तीन दिने नेतृत्व विकास, लेखापालन तथा घुम्तीकोष व्यवस्थापन तालिम चार पटक सम्पन्न भई जम्मा ११० जना सहभागी रहेका थिए । यसै गरी तीन दिने पशुपालन तालिममा २४ पटकमा जम्मा ६९६ जना सदस्य सहभागी भए ।

### ३. परिवर्तन घरैबाट कार्यक्रम (Change Starts at Home)

**साझेदार संस्था** : इक्वेल एक्सेस इन्टरनेशनल

**सम्झौता अवधि** : जुलाई २०१५ देखि अप्रिल २०१७ (श्रावण २०७२ देखि वैशाख २०७४)

**कार्यक्षेत्र** : नवलपरासी, चितवन र कपिलवस्तु जिल्ला

**लक्षित वर्ग** : ४९ वर्षसम्मका बिवाहित जोडीहरू

**कार्यक्रमको उद्देश्य** : घरेलु हिंसा सम्बन्धी अनुसन्धान गर्ने

**क्रियाकलाप/उपलब्धि :** दुई वर्षे यो अनुसन्धानमूलक कार्यक्रम बैशाख २०७४ मा सफलतापूर्वक सम्पन्न भएको छ । कार्यक्रमले ३ जिल्लाका १८ गाविसमा ७२ वटा रेडियो श्रोता समूह गठन गरी "समझदारी" रेडियो कार्यक्रम ३९ अंकसम्म प्रसारण र छलफलको माध्यमबाट महिला हिंसा विरुद्ध जनचेतना अभिवृद्धि गरेको छ । यसरी नै सामाजिक तथा धार्मिक नेताहरूबाट विभिन्न ३१ वटा सामुदायिक कार्यक्रमहरूमा महिला अधिकार तथा समाजमा भएका महिला माथिको भेदभावबारे प्रवचन दिन लगाइएको थियो । महिला तथा बालिका हिंसा विरुद्ध थप जनचेतनाका लागि १८ वटै गाविसमा सडक नाटक प्रदर्शन गरियो । कार्यक्रमका सिकाईलाई दिगो बनाउन सहभागी ७२ वटै रेडियो श्रोता समूहलाई विभिन्न प्रचारात्मक कार्य गर्न सानो अनुदान प्रदान गरिएको थियो । कार्यक्रमको उपलब्धि मापन गर्न सुरु तथा अन्तिम सर्भेक्षणहरू गरिएका थिए- जसले परिवार भित्र, विशेष गरी श्रीमान्/श्रीमती बीच सुमधुर सम्बन्ध स्थापित गर्न कार्यक्रमले सकारात्मक भूमिका खेलेको देखाएको छ ।

### ४. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP)

**साझेदार संस्था** : जिल्ला विकास समिति नवलपरासी र बर्दघाट नगरपालिका

**सम्झौता अवधि** : श्रावण २०७३ देखि आषाढ २०७४ सम्म

**कार्यक्षेत्र** : दुम्किबास, बेनिमणिपुर, धुरकोट, जमुनिया, दाउन्नेदेवी, देवगाउँ, मनरी, तिलकपुर, जहदा, रामनगर र सरावल गाविसहरू तथा बर्दघाट नगरपालिका

**लक्षित वर्ग** : महिला, बालबालिका, अपाङ्ग, दलित, जनजाति, पिछडावर्ग र आर्थिक हिसाबले विपन्न वर्ग

**कार्यक्रमको उद्देश्य** : लक्षित वर्गको सरकारी तथा गैरसरकारी स्रोत र सेवामा पुहँच र परिचालनमा वृद्धि गर्नका लागि उनीहरूलाई शसक्त गराउनु र योजना तर्जुमा प्रक्रिया, कार्यान्वयन तथा अनुगमन प्रक्रियामा लक्षित वर्गको समावेशी प्रतिनिधित्वको सुनिश्चितता गराउने ।

**क्रियाकलाप/उपलब्धि :** २०६७/६८ देखि सञ्चालित यो कार्यक्रमले गत वर्ष पनि उल्लेखनीय प्रगति गरेको छ । रूपान्तरणीय सामाजिक परिचालनका लागि वडा नागरिक मञ्च गठन/पुनर्गठन, नागरिक सचेतना केन्द्र परिचालन, जीविकोपार्जन योजना तथा साना पूर्वाधार कार्यक्रम सञ्चालन र बालभेला सञ्चालनका लागि सहजीकरण हुँदै आएको छ । गत वर्ष ११० वटा वडा नागरिक मञ्च पूनर्गठन भएको र तिनको पहलमा वस्ती र वडा स्तरको योजना परिषद्बाट स्वीकृत गराउने, उपभोक्ता समिति गठन गरी योजना कार्यान्वयन गराउने र अनुगमन समिति गठन गरी योजना अनुगमन गर्ने कार्य भएको छ । यसै गरी वडा नागरिक मञ्चले जातिय र सामुदायिक भेदभाव कम गर्न, खुल्ला दिशा मुक्त, पूर्ण खोप, पूर्ण सरसफाई, बालमैत्री जस्ता अभियान सञ्चालन गर्न, घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता वितरण गर्न प्रभावकारी भूमिका निर्वाह गरेको छ ।

यसरी नै २६ वटा नागरिक सचेतना केन्द्र परिचालन भई तिनको अग्रसरतामा भौतिक पूर्वाधार (नासके भवन, शौचालय, लघु जलविद्युत्, कल्भर्ट/बाटो निर्माण), आयआर्जन (बाख्रा, बंगुर, कुखुरा पालन) तथा क्षमता अभिवृद्धि (पोषण, चूरा/कुशन बनाउने, कृषि तालिम) का कामहरू भएका छन् ।

**५. बालमैत्री स्थानीय शासन (CFLG)**

**साझेदार संस्था** : युनिसेफ नेपाल

**सम्झौता अवधि** : अगाष्ट २०१५ देखि मे २०१७ सम्म (श्रावण २०७२ देखि जेठ २०७४)

**कार्यक्षेत्र** : भूकम्प अति प्रभावित जिल्लाहरू काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रसुवा, रामेछाप, ओखलढुंगा, सिन्धुली, धादिङ्ग, गोरखा, नुवाकोट र मकवानपुर

**लक्षित वर्ग** : नगरपालिका/गाविस सचिव र सामाजिक परिचालकहरू

**कार्यक्रमको उद्देश्य** : नगरपालिका/गाविस सचिव र सामाजिक परिचालकहरूलाई बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण प्रदान गरी सम्बन्धित नगरपालिका/गाविसलाई बालमैत्री अवधारणा अनुरूप योजना निर्माण गर्न सहजीकरण गर्ने ।

**क्रियाकलाप/उपलब्धि :** दुई वर्षे यो कार्यक्रम तीनवटा सम्झौता अन्तर्गत विभिन्न क्षमता अभिवृद्धि तालिम सञ्चालन सहित जेठ २०७४ मा सफलतापूर्वक सम्पन्न भएको छ । गत वर्ष बालमैत्री अवधारणा सम्बन्धि दुई दिने तालिम/अभिमुखीकरण १८ वटा नगरपालिका तथा १८५ गाउँपालिकाका लागि सञ्चालन गरिएका थिए । पहिलो चरणको १८ वटा तालिममा नगरपालिकाका वडा सचिव, सामाजिक परिचालक, नगरपालिकाका कर्मचारी लगायत जम्मा ४५० जनाको सहभागिता थियो । यसै गरी दोस्रो चरणको ११ वटा पुनर्ताजगी तालिममा गाविस सचिव, सामाजिक परिचालक, गाविस तथा जिविसका कर्मचारी लगायत जम्मा ३३७ जना सहभागी थिए ।

उपरोक्त तालिम बाहेक दुई वर्षे क्षमता अभिवृद्धि कार्यक्रमको समग्र उपलब्धि र यसले बालमैत्री स्थानीय शासन कार्यान्वयनमा पुऱ्याएको योगदानबारे एउटा अध्ययन पनि सम्पन्न भएको छ । तालिम/अभिमुखीकरणका सहभागीहरूबाट बालमैत्री स्थानीय शासनका प्रक्रियाहरूलाई आ-आफ्नो कार्यक्षेत्रमा समाहित गर्दै लग्ने प्रतिवद्धता जाहेर हुनुका साथै यस्ता क्षमता अभिवृद्धि कार्यक्रमको निरन्तरता हुनुपर्ने माग भएको थियो ।

**६. सुआहारा-II कार्यक्रम (Suaahara-II)**

**साझेदार संस्था** : युएसएआइडी/हेलेन केलर इन्टरनेशनल

**सम्झौता अवधि** : मे २०१६ देखि जुलाई २०१८ (वैशाख २०७३ देखि असार २०७५)

**कार्यक्षेत्र** : ४० वटा जिल्लाहरू

**लक्षित वर्ग** : गर्भवती महिला, २ वर्ष सम्मका बालबालिका र तिनका आमाहरू र किशोरीहरू

**कार्यक्रमको उद्देश्य** : पोषणयुक्त घरायसी खाद्यान्न उत्पादनमा वृद्धि गराउने, उपभोगमा जोड दिने र आयआर्जनमा वृद्धि गराउने ।

**क्रियाकलाप/उपलब्धि :** पाँच वर्षे यो कार्यक्रमको पहिलो वर्ष (गत आ.व.) कर्मचारी व्यवस्थापन, लक्षित वर्गको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिम सामग्री निर्माण र स्रोत व्यक्तिहरूको सूचीकरण तथा केही तालिमहरू सञ्चालनमा व्यतित भयो । कार्यक्रमको पहिलो वर्ष सम्पन्न विभिन्न क्षमता अभिवृद्धिका क्रियाकलापहरू तल प्रस्तुत छ :

| क्र.सं. | शीर्षक | संख्या | सहभागी जिल्ला | सहभागी व्यक्ति |
|---|---|---|---|---|
| १ | १० दिने स्थानीय स्रोत व्यक्ति तालिम (कुखुरापालन) | २ | १७ | ४८ |
| २ | ५ दिने बचत, ऋण तथा समूह व्यवस्थापन तालिम | ४५ | २१ | ९१४ |
| ३ | ५ दिने व्यावसायिक योजना, कृषि बजार तालिम | २१ | २१ | ४३१ |
| ४ | १ दिने ग्रामिण नमूना कृषक सञ्जाल कार्यशाला | १३ | ११ | - |
| ५ | १ दिने ग्रामिण नमूना कृषक दिगोपना कार्यशाला | ४९ | - | - |
| ६ | कृषि/पोषण मेला आयोजना सहयोग | १८ | १८ | - |
| ७ | हाट बजार प्रवर्द्धन सहयोग | १२ | १२ | - |
| | **जम्मा** | **१६०** | **-** | **-** |

**विजय परिवार**

समुदायका विविध आवश्यकता परिपुर्तिका लागि एउटै र एकै प्रकारको संस्थाबाट संभव नहुने भएकोले फरक फरक प्रकृतिका संस्थागत संरचना निर्माण एवम् प्रवर्द्धन गरी संस्थाले तय गरेका दीर्घकालीन ध्येय तथा उद्देश्य पुरा गर्न विजय विकास स्रोत केन्द्रले सोही अनुसारको नीति अंगालेको छ । यसै क्रममा विकू बचत तथा ऋण सहकारी संस्था लिमीटेड, विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लिमिटेड, विजय सामुदायिक शिक्षा सहकारी संस्था लिमिटेड, विजय लघु वित्त वित्तीय संस्था र विजय कन्सल्टीङ्गको स्थापना भई कार्य सञ्चालन गरिरहेका छन् र पछिल्लो पटक प्रवर्द्धनको क्रममा रहेको विजय फाउन्डेसनलाई संस्थागत स्वरूप दिने प्रयास भइरहेको छ ।

विजय परिवार विजय विकास स्रोत केन्द्रद्वारा प्रवर्द्धन गरिएका ६ वटा संस्थाहरूको एक अनौपचारिक साझा सञ्जाल हो, जसको मुख्य उद्देश्य आपसी सद्भाव, समझदारी र सहकार्य अभिवृद्धि गर्दै सामुहिक सांगठनिक उपस्थितिलाई दरिलो बनाउनु रहेको छ । परिवारका अन्य उद्देश्यहरूमा सदस्य संस्थाको दिगो र आत्मनिर्भर विकासका लागि संस्थागत क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउने, समुदायको सेवा र उत्थानमा एकीकृत उपस्थिति प्रदर्शन गर्ने र संस्थागत सञ्जालद्वारा सामाजिक रूपान्तरणमा योगदान दिने रहेको छ ।

विगत एक वर्षमा विजय परिवारको ४ वटा बैठक सम्पन्न गरिएको छ । बैठकमा आपसी सहयोग, सिकाई र अबस्थाका बारेमा छलफल एवम् जानकारी आदान-प्रदान गरिएको छ । यस बिच एउटा संयुक्त वनभोज आयोजना गरिएको थियो । २०७३ माघ २१ गते आयोजित वनभोज कार्यक्रममा विजय परिवारका सबै सदस्य संस्थाका १९१ सदस्य तथा कर्मचारीले भाग लिएका थिए । त्यसै गरी देशमा सम्पन्न स्थानीय तहको चुनाव पछि गैंडाकोट नगरपालिकाका विजयी उम्मेदवारहरूलाई संयुक्त स्वागत तथा बधाई कार्यक्रम गरिएको थियो । यसै गरी गत २०७४ श्रावणको अन्तिम साता गएको भिषण बाढि पहिरोले पारेको धन जनको क्षतिमा सहयोग गर्न विजय परिवारको तर्फबाट रु.४,५१,६५७ सहयोग संकलन गरी ३,८२,१३० बराबरको सहयोग नवलपरासी जिल्ला प्रशासन कार्यालय मार्फत पाल्ही नन्दन गाउँपालिकामा वितरण गरिएको छ ।

आगामी वर्षमा पनि यस सञ्जालको उद्देश्यहरू परिपूर्ति गर्न सामुहिक छलफल, प्रक्रिया र सहकार्यात्मक प्रयासलाई अगाडि बढाइने छ । सदस्य संस्थासँगको सहकार्यमा विभिन्न तालिम/नीतिगत संवाद आयोजना गर्ने, अध्ययनका क्षेत्रहरूमा संयुक्त रूपमा काम गर्ने र सदस्य-सदस्य एवम् कर्मचारी-कर्मचारी बिचको आपसी एकता र समझदारी बढाउन वनभोज, शुभकामना आदान-प्रदान, विचार विनिमय/समीक्षा र सिर्जनशील संस्थागत विकासका क्षेत्रहरूमा आपसी छलफललाई अगाडि बढाउने किसिमका कार्यक्रमहरू आयोजना गरिने छ । विजय परिवारको संस्थागत संरचनालाई अझ प्रभावकारी र सहभागितामूलक बनाउन अन्य सदस्य संस्थाका प्रमुख तथा प्रतिनिधिहरूसँग छलफल गरी रणनीतिहरू तय गरिने कार्यक्रम राखिने छ ।

**विजय फाउण्डेशन-नेपाल (Vijaya Foundation-Nepal)**

स्वास्थ्य, शिक्षा र खेलकुदको क्षेत्रमा ठोस कार्यक्रम गरी नेपाली नागरिकको जीवन रूपान्तरणमा योगदान पुऱ्याउन यस फाउण्डेशनको स्थापना गरिएको छ । कोष स्थापना र वृद्धिका लागि देशभित्र र बाहिर रहेका संस्थाका सदस्य तथा अन्य सहयोगी व्यक्ति तथा संस्थाको खोजी गर्नु, समाजमा रहेका कमजोर वर्गको रूपान्तरणमा नयाँ नयाँ अवधारणा र अवसरको सिर्जना गर्नु र फाउण्डेशनका प्राथमिकताका क्षेत्रमा विभिन्न नागरिक समाज, संस्थाहरूलाई लगानीको अवसर प्रदान गर्ने विशिष्ट उद्देश्यले यस संस्थाको स्थापना गरिएको हो ।

विजय फाउण्डेशन-नेपालको मुख्य आर्थिक स्रोतका रूपमा यसका सदस्यहरूको सदस्यता शुल्क तथा आर्थिक योगदान, विजय परिवारका संस्थागत सदस्यहरूले वार्षिक रूपमा गर्ने योगदान र सहयोग गर्न इच्छुक व्यक्ति, परिवार तथा संस्थाबाट प्राप्त विभिन्न प्रकारका आर्थिक दान दातव्य रहनेछ ।

कोष वृद्धिका लागि विजय विकास स्रोत केन्द्रले राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय तहमा सम्भावित सहयोगी दाताहरूसँग सम्पर्क, समन्वय र सम्बन्ध विस्तार गर्ने कामहरूको नेतृत्व लिनेछ । विजय फाउण्डेशन-नेपाल अन्तर्गत फरक कार्य सञ्चालन विधि सहितको Vijaya Trust Fund र Vijaya Program Fund गरी दुई बेग्लाबेग्लै कोष सञ्चालनमा रहेका छन् । फाउण्डेशनले यसको सदस्यता लिन इच्छुक व्यक्ति तथा संस्थालाई लक्षित गरी सदस्यता आव्हान गरेको छ ।

२०७३/११/२९ मा पत्रकार सम्मेलन गरी विधिवत रूपमा घोषणा गरिएको यस फाउण्डेशनमा हालसम्म विजय विकास स्रोत केन्द्र सहित १७ जनाले सदस्यता लिने औपचारिक घोषणा गर्नु भएको छ । जसमध्ये विजय विकास स्रोत केन्द्रले प्लाटिनम (Platinum), श्री बासुदेव न्यौपानेले गोल्ड (Gold) र अन्य १५ जनाले सिल्भर (Silver) सदस्यता लिने जनाउनु भएको छ । सदस्यहरूबाट हालसम्म रु. ५,०६,१३५ जम्मा भइसकेको छ । यसैगरी फाउण्डेशनका अन्तर्राष्ट्रिय संयोजक श्री त्रिलोचन सापकोटाले वैदेशिक रोजगारमा रहनु भएका र गैर आवाशीय नेपालीहरू गरी हालसम्म २८ जनाले सदस्यता लिन इच्छा व्यक्त गरेको जानकारी गराउनु भएको छ ।

**संस्थागत सिकाई तथा चिन्तन**

हालका वर्षहरूमा संस्थाको संलग्नता र सरोकारवालाहरूको अपेक्षा अनुसार संस्थाका मुख्य सिकाइहरू दुई पक्षमा हेर्न सकिन्छ । पहिलोः संस्थाले जुन रफ्तारमा नयाँ संस्थाहरू जन्माउँदै गयो त्यस अनुसार ती संस्थाहरू हुर्काउँदै लग्न चाहिने सञ्चालन संयन्त्रहरूको पनि समयमै विकास गर्नु पर्ने रहेछ । दोस्रोः तुलनात्मक रूपले ठूला परियोजनाहरू सञ्चालन गर्न साना परियोजना सञ्चालनका लागि स्थापित आर्थिक नीति नियमहरू तथा सञ्चालन संयन्त्र अपर्याप्त हुँदो रहेछ । परियोजना सञ्चालनमा पनि यस केन्द्र जस्तो सामाजिक विकास संस्थाले बढी भन्दा बढी योगदान स्वयंसेवी रूपमा गरोस् भन्ने चाहाना सरोकारवालाहरूको हुँदोरहेछ ।

लगभग चार दशकको गौरवमय इतिहास बोकेको यस स्रोत केन्द्रको ख्याती कायमै छ । यसले समुदायको आवश्यकतालाई आत्मसात गर्दै नविनतम् प्रयोगको रूपमा नयाँ संस्थाहरूको प्रवर्द्धन र विकास गर्दै आइरहेको छ । जसको पछिल्लो प्रमाण २०७१ माघमा दर्ता भएको विजय कन्सल्टिङ्ग कम्पनी र २०७३ फागुनमा घोषणा गरिएको विजय फाउण्डेशन-नेपाल हुन् । यस अघि प्रवर्द्धन गरिएका र यस घडीसम्ममा आफ्नो स्वतन्त्र अस्तित्व सहित ख्याती कमाउन सफल विकू बचत, विजय सामुदायिक शिक्षा, विजय सूचना तथा सञ्चार तथा विजय लघुवित्त वित्तीय संस्था सहित जम्मा ६ वटा संस्थाहरू जन्माउने श्रेय यस स्रोत केन्द्रले पाएको छ ।

यतिखेर माउ संस्था धेरै सन्तान जन्माए पनि दुर्वल नहोस् भन्ने तर्फ ध्यान केन्द्रीत भएको छ । पछिल्लो दुई-तीन वर्षको अन्तरालमा जन्मेका दुईवटा संस्थाहरूलाई अघि बढाउन यथोचित सञ्चालन संयन्त्रको विकास गर्ने तर्फ पहल भएको छ । साथै संस्थाले लिएको नयाँ सोचलाई तत्काल कार्यान्वयनको तहमा लग्न सक्ने दक्ष जनशक्तिको विकासका लागि पनि पहल गरिएको छ ।

लामो समयदेखि साना परियोजनाहरू सञ्चालन गर्दै आएको सन्दर्भमा गत वर्षदेखि जिम्मेवारी पाएको सुआहारा-II कार्यक्रम संस्थाको इतिहासमा सबैभन्दा ठूलो परियोजना सावित भएको छ । यो परियोजनाको घरायसी खाद्यान्न उत्पादन तथा बजारीकरणको पक्ष यस संस्थाको जिम्मेवारी हो । जस अन्तर्गत ३६ जना पूर्णकालीन कर्मचारीहरू सहित वार्षिक १० करोडसम्मको बजेट कार्यान्वयन गरिनेछ । यो कार्यक्रम सञ्चालनको क्रममा केही सिकाईहरू भएका छन् :

- कार्यक्रमको विषयवस्तु र गाम्भिर्यतालाई मध्यनजर गर्दै सञ्चालनको सुरुमै एउटा परियोजना निर्देशक समिति (प्राविधिक सल्लाहकार समिति) गठन गरिएको छ। समितिमा कृषि विषय विशेषज्ञ र कार्यसमिति तथा व्यवस्थापनको प्रतिनिधित्व रहेको छ । यसले कार्यक्रम सञ्चालनका विविध पक्षमा सल्लाह सुझाब सहित मार्ग दर्शन गर्दै आइरहेको छ। तर नितान्त स्वयंसेवी रूपमा समितिबाट सधैं प्रभावकारी भूमिकाको अपेक्षा त्यति जायज नभएकोले समिति सदस्यहरूको योगदानको उचित कदर गर्ने तर्फ सोचाई भइरहेको छ ।
- साना परियोजनाहरूका लागि स्थापित आर्थिक नीति नियम तथा सञ्चालन पद्धति यस खाले ठूला कार्यक्रमका लागि अपर्याप्त देखिए । तसर्थ गएको वर्ष आर्थिक तथा नीति नियमावलीहरू आवश्यकता अनुसार परिमार्जन गर्ने कामले प्राथमिकता पायो । तिनको कार्यान्वयन पक्ष सवल बनाउन आन्तरिक नियन्त्रण पद्धतिको विकास गरिदैछ ।
- यस कार्यक्रम सञ्चालनको अवसर संस्थाका सदस्यहरूको सम्बन्धित कार्यक्षेत्रको निकै लामो अनुभवको आधारमा प्राप्त भएको हो । तर कार्यक्रम सञ्चालनमा संस्थाका सदस्यहरूको संलग्नताले ल्याउन सक्ने व्यक्तिगत भूमिकाको विरोधाभाषका कारण केही नीतिगत व्यवस्था गर्नु पर्ने देखियो । अतः कार्यसमिति पदाधिकारी तथा सदस्यहरूको कार्यक्रममा संलग्नता सम्बन्धि एउटा छुट्टै परिच्छेद कार्यसमितिबाट पारित गरी प्रशासनिक तथा आर्थिक

नियमावलीमा समावेश गरिएको छ । यस व्यवस्था अनुसार निजहरूले अल्पकालिन विशेषज्ञ सेवा सामान्यतः कार्यक्रम अनुगमन, सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रण र अध्ययन, अनुसन्धानमा प्रदान गर्न सक्नेछन् ।

**मुख्य चुनौतीहरू**

संस्थागत निरन्तरता र जीवन्तताका लागि अन्य आन्तरिक स्रोतहरू र चेतना सदनको घट्दो आम्दानी र साझेदारी कार्यक्रमहरूमा शिरोभार तथा व्यवस्थापन शुल्कको प्रावधान नहुँदा संस्थाको आर्थिक भार बढ्दै गएको छ । भौतिक पूर्वाधारहरूको नियमित मर्मत संभारका लागि पनि चालु पूँजीको वृद्धि गर्नुपर्ने चुनौती छ। आम्दानीका वैकल्पिक स्रोतहरूमा वृद्धि गर्न नसक्दा आन्तरिक कार्यक्रमहरू राम्ररी सञ्चालनमा कठिनाई भएको छ । तसर्थ नयाँ नयाँ स्रोतहरूको खोजी गर्नुपर्ने टड्कारो आवश्यकता छ । स्वयंसेवी योगदानमा वृद्धि र नयाँ सदस्यहरूको प्रवेशको आवश्यकता देखिएको छ ।

**आगामी पाईलाहरू**

संस्थाका लागि तत्कालीक प्राथमिकता चेतना सदन र सुआहारा-II साझेदारी कार्यक्रम सुदृढ र प्रभावकारी रूपमा सञ्चालन गर्नु रहेको छ। चेतना सदनलाई दिगो आन्तरिक स्रोतको रूपमा विकास गर्न सके संस्थाको वृहत्तर उद्देश्य पूरा गर्ने आन्तरिक कार्यक्रमहरू सञ्चालन गर्न टेवा पुग्नेछ । यसरी नै सुआहारा-II सफल कार्यान्वयनले संस्थागत क्षमता विकास र ख्याती आर्जनमा मद्दत पुग्नेछ ।

बदलिदो सामाजिक, आर्थिक तथा राजनैतिक परिप्रेक्षमा संस्थाको मानव संसाधनको निरन्तर क्षमता अभिवृद्धिका लागि कार्यसमिति, सदस्य तथा कर्मचारीहरूका लागि संस्थाले अंगालेका क्षेत्रगत विषयहरूमा उच्च शिक्षा तथा तालिमको अवसरहरू प्रदान गरिनेछ । साथै संस्थालाई थप उर्जाशिल बनाउन इच्छुक युवाहरूलाई संस्थाको मूल्य मान्यतामा दिक्षित गराई नयाँ सदस्यका रूपमा क्रमशः प्रवेश गराईनेछ ।

## आ.व. २०७४/७५ को प्राथमिकता र कार्यनीतिहरू

**कार्यनीतिक प्राथमिकताहरू**

विजय विकास स्रोत केन्द्रले आर्थिक वर्ष २०७४/७५ मा कार्यान्वयनका लागि निम्नलिखित कार्यनीतिक प्राथमिकताहरू प्रस्ताव गरेको छ :

| **क्षेत्र -१** | **सुशासन** | |
|---|---|---|
| **कार्यनीतिक उद्देश्य** | **सामाजिक जवाफदेहिता तथा बालमैत्री स्थानीय शासनको प्रवर्द्धनमा योगदान पुऱ्याउने** | |
| **कार्यक्रमका क्षेत्रहरू** | **प्रमुख क्रियाकलाप** | **आशातित प्रतिफल** |
| **१. सामाजिक जवाफदेहिता** | क) सामाजिक जवाफदेहिताका साधन तथा संयन्त्रको प्रवर्द्धनका क्षेत्रमा संस्थाले विगतमा आर्जन गरेको अनुभवमा आधारित भई दातृ निकाय तथा स्थानीय सरकारसँगको साझेदारीमा परियोजना निर्माण गरी सञ्चालन गर्ने । | सार्वजनिक सेवा प्रवाहमा जवाफदेहिताको अभिवृद्धि । |
| | ख) आन्तरिक सञ्चालन संरचनामा सुधार (संस्थाको सामाजिक लेखापरीक्षण, आन्तरिक लेखापरीक्षण, मौजुदा विधान र नीतिहरूको आवश्यकता अनुसार पुनरावलोकन र संशोधन | |

| | | |
|---|---|---|
| **२. बालमैत्री स्थानीय शासन** | क) बालमैत्री स्थानीय शासनको अवधारणा,विधि र अभ्यास लगायतका विषयमा स्थानीय सरकार (गाउँपालिका र नगरपालिका) को क्षमता अभिवृद्धि (तालिम, कार्यशाला, दस्तावेजीकरण, सहकार्य, प्रकृयागत सहजीकरण आदि) का क्षेत्रमा परियोजनात्मक कार्यक्रम सञ्चालन गर्ने, यसका लागि नवलपुर जिल्लाका चार नगरपालिकाका जनप्रतिनिधि, सम्बन्धित कर्मचारीहरू तथा युनिसेफका प्रतिनिधिको सहभागितामा एक दिने अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने । | स्थानीय योजना तर्जुमा तथा बजेट निर्माण प्रकृयामा बाल अधिकार तथा विकास प्राथमिकतामा पर्नेछ । |
| | ख) अनुसन्धान, सिकाई विस्तार तथा सम्प्रेशणका क्षेत्रमा परियोजनात्मक कार्यक्रम सञ्चालन गर्ने । | |

| **क्षेत्र -२** | **वकालत, अभियान र पैरवी** | |
|---|---|---|
| **कार्यनीतिक उद्देश्य** | **राष्ट्रिय रूपमा सामाजिक विकास संस्था मैत्री नीति निर्माणमा योगदान पुऱ्याउने** | |
| **कार्यक्रमका क्षेत्रहरू** | **प्रमुख क्रियाकलाप** | **आशातित प्रतिफल** |
| **१. सामाजिक विकास संस्था मैत्री नीति तथा वातावरण** | यस विषयमा राष्ट्रिय/जिल्लास्तरको एउटा कार्यशाला/ छलफल कार्यक्रम आयोजना गर्ने । | सामाजिक विकास संस्था मैत्री वातावरण निर्माण हुनेछ । |
| **२. आवश्यकता अनुसार सामाजिक अभियान** | गैंडाकोट नगरपालिकाले सञ्चालन गर्ने सामाजिक अभियानहरूमा सहभागिता जनाउने तथा संस्थागत सहयोग गर्ने । | सरकार तथा सामाजिक प्रयासहरूमा संस्थाको कार्यमूलक सहयोगी भूमिका देखिनेछ । |
| | कुनै एउटा वार्डमा गरिबी मुक्त गैंडाकोट अभियानलाई सुरु गर्ने । | |

| **क्षेत्र -३** | **बालबालिका, युवा तथा महिला सहभागिता** | |
|---|---|---|
| **कार्यनीतिक उद्देश्य** | **मानवीय तथा सामाजिक पूँजी विकासमा योगदान पुऱ्याउने** | |
| **कार्यक्रमका क्षेत्रहरू** | **प्रमुख क्रियाकलाप** | **आशातित प्रतिफल** |
| **१. नागरिक शिक्षा** | विजय सूचना तथा सञ्चार सहकारीसँगको साझेदारीमा घटना दर्ता/पञ्जिकरण (Vital Registration) का विषयमा सार्वजनिक हितका सूचना (Radio PSAs/Print advertorials) निर्माण गर्ने र प्रशारण गर्ने । | सार्वजनिक सरोकार र चासोका विषयमा नागरिक सचेत हुनेछन् । |
| **२. पोषण** | सु-आहारा-II कार्यक्रम अन्तर्गत ४० जिल्लामा घरायसी खाद्यान्न उत्पादन तथा बजारीकरणलाई निरन्तरता दिई यस कार्यानुभवका आधारमा अन्य परियोजनाका लागि पहल गर्ने । | संस्थाको कार्यानुभव विस्तार हुनेछ र कृषि तथा पोषणका क्षेत्रमा परियोजना सञ्चालन क्षमता वृद्धि हुनेछ । महिला तथा बालबालिकाको विविध पोषणयुक्त खाद्यान्नमा पहुँच वृद्धि हुनेछ । |

| | | |
|---|---|---|
| **३. क्षमता अभिवृद्धि** | स्थानीय महिला समूहहरूको आवश्यकतामा आधारित प्रकृया सहजीकरणसँग सम्बन्धित कार्यक्रम गर्ने ।<br>(स्थानीय स्तरमा सकृय कम्तिमा तीनवटा महिला समूहको संस्थागत क्षमता विकासमा सहयोग पुऱ्याउने)<br>महिलाका लागि महिला सहयोग अवधारणा अनुसार यो कार्यक्रम गरिनेछ । | स्थानीय समुदायमा संस्थाको उपस्थिति बढ्न गई संस्था प्रति समुदायको विश्वास बढ्नेछ । |
| **४.युवा सहभागिता** | विजय सामुदायिक शिक्षा सदनसँगको साझेदारीमा सो विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई लक्षित गरी Art of Living/Life Science (जीवन विज्ञान) विषयक प्रवचन कार्यक्रम राख्ने । पछिल्लो समय युवायुवतीको विभिन्न कुलत तथा नकारात्मक कार्यप्रति आकर्षण बढेको पाइएकोले उनीहरूमा सकारात्मक सोच तथा कर्मका लागि यस विषयका विज्ञलाई ल्याएर प्रवचन कार्यक्रम गर्ने । | जीवनउपयोगी शिक्षाद्वारा नैतिकवान युवा पंक्ति निर्माणमा योगदान पुऱ्याउने ।<br>विजय परिवारका सदस्य संस्था बीच स्पष्ट कार्यमूलक सहकार्य बढाउन सहयोग पुग्नेछ । |
| **५. जेष्ठ नागरिक** | संस्थाको श्रीवृद्धिमा विशेष योगदान पुऱ्याउनु भएका जेष्ठ सदस्यहरू मध्ये जेष्ठताको आधारमा एकजनालाई प्रत्येक दुई/दुई वर्षमा विशेष समारोहका बीच विशिष्ट दीर्घसेवा सम्मान (Life-time Contributions Award) प्रदान गर्ने । यो कार्यक्रम यसै वर्षबाट आरम्भ गरिनेछ । | संस्थाको उन्नती र प्रगतिका लागि योगदान दिने व्यक्तित्वहरूको सम्मानको अभ्यास ठोस रूपमा स्थापित हुनेछ । |

| **क्षेत्र -४** | **सुधारोन्मुख जीविकोपार्जन** | |
|---|---|---|
| **कार्यनीतिक उद्देश्य** | **स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जनामा योगदान गर्नु** | |
| **कार्यक्रमका क्षेत्रहरू** | **प्रमुख क्रियाकलाप** | **आशातित प्रतिफल** |
| **१.कृषि** | सुआहारा-II कार्यक्रम अन्तर्गत ग्रामिण नमुना कृषकहरूलाई कृषि प्रविधि तथा प्रकृयागत सहजीकरण गरी आधुनिकीकरणमा टेवा पुऱ्याउने कार्यलाई निरन्तरता दिने । | जीविकोन्मुख कृषि अभ्यास अर्ध व्यावसायिक कृषितर्फ रूपान्तरण भएको हुनेछ । |

| | | |
|---|---|---|
